# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख

### दुल्लु नगरपालिकाको Pree Fab भवन निर्माण कार्यको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

**दरभाउ पत्र सूचना नं. १३-०७५।०७६**

युग आह्वान दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७५।०८।०४

यस कार्यालयबाट आ.व. २०७५।०७६ मा Pree Fab भवन निर्माण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१) सिलवन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र, आ.व २०७४।०७५ सम्म कर चुक्ता प्रमाण- पत्र र अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि निवेदन साथ तपशिलमा उल्लेखित रकम पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई निवेदन दिई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२) दरभाउ पत्र दस्तुर रु. १०००।०० यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित हि.नं.४३४०३०२०३६३०२ मा जम्मा गरेको सक्कल भौचर साथ माथि उल्लेखित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म खरिद गर्न सकिने छ ।

३) सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरि तल उल्लेखित कार्यको लागी देहाय बमोजीमको धरौटी रकम सिलबन्दी दरभाउपत्र साथ कम्तिमा ९० (नब्बे) दिन म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा रा.वा.बैंक दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ खातामा धरौटी वापतको रकम रु. ३७,५००।०० जम्मा गरेको सक्कल बैंक भौचर सिलबन्दी दरभाउपत्र का साथ संलग्न राखि यस कार्यालय मा १६ (सोह्रौ) दिनको १२ :०० बजेभित्र दर्ता गर्नुपर्ने छ ।

४) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ :०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २ :०० बजे भित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ । दरभाउ पत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न आएको खण्डमा उक्त दिनको लगत्तै (कार्यालय खुलेको दिन) सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ ।

५) सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २ :०० बजेभित्र दर्ता हनु आएका सिलबन्दी दरभाउपत्र यस कार्यालयमा खोलिदा दरभाउपत्रदाता दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) एकभन्दा बढी दरभाउपत्र दर्ता नभइ एउटा मात्र दरभाउ पत्र दर्ता भएमा पनि सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ बमोजिम खोलिने र मुल्यांकन समितिमा पेश गरिनेछ ।

७) दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ ।

८) रित नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) यसमा उल्लेखित भएकोमा यसै बमोजीम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

११) अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३९ मा वा कार्यालयमा वा यस कार्यालयको website: www.dullumun.gov.np बाट बुझ्न सकिनेछ ।

| क्र.सं. | शिलवन्दी दरभाउपत्र नं. | कामको विवरण | ल.ई रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र दस्तुर (रु.) | धरौटी रकम रु | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १. | १३-०७५।०७६ | दुल्लू नगरपालिकाको Pree Fab भवन निर्माण | १४,९१,७२३।२७ | १,०००।०० | ३७,५००।०० | इजाजत प्राप्त ठेकेदारहरु |

प्रमुख प्रशासकीय अधिकृत